<u>सामुदायिक फलफूल बगैंचा स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०</u>

स्वीकृत मितिः २०८०/०६/११

<u>प्रस्तावना</u>ः सामुदायिक फलफूलको बगैंचा स्थापना गरी कृषकलाई फलफूल खेती तर्फ आकर्षण गर्दै फलफूलको क्षेत्र बिस्तार, उत्पादन र उत्पादकत्व बढाउन वान्छनीय भएकोले प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयबाट यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ।

## परिच्छेद - १
## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>ः (१) यो कार्यविधिको नाम **"सामुदायिक फलफूल बगैंचा स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०"** रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u>ः विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यो कार्यविधिमा,-

क. **"आवेदक"** भन्नाले कार्यक्रममा प्रस्ताव पेश गर्ने कृषक समूह वा कृषि सहकारी सम्झनु पर्छ।

ख. **"उत्पादन सामाग्री"** भन्नाले कृषि उत्पादनमा प्रयोग हुने मल, बिउ, बेर्ना, नक्ष, औषधि, विषादी, जैविक पदार्थ तथा हर्मोन, कृषि चुन तथा रसायन, शुक्ष्म तत्व, कृषि औजार उपकरण, लगायतका कृषि उत्पादन कार्यमा टेवा पुर्याउने अन्य सामाग्री/वस्तुलाई समेत सम्झनु पर्छ।

ग. **"कार्यक्रम"** भन्नाले सामुदायिक फलफूल बगैंचा स्थापना कार्यक्रम र बजेट सम्झनु पर्छ।

घ. **"केन्द्र"** भन्नाले निर्देशनालय मातहतको कृषि ज्ञान केन्द्र सम्झनु पर्छ।

ङ. **"कृषि पूर्वाधार"** भन्नाले भन्नाले सार्वजनिक/सामुदायीक प्रयोजनका लागि निर्माण हुने कृषि बजार पूर्वाधार, नर्सरी स्थापना, संरक्षित संरचना, सिचाई संरचना जस्ता कृषि उत्पादन, प्रशोधन र बजार सम्बन्धि विभिन्न पूर्वाधारलाई बुझ्नु पर्छ ।

च. **"निर्देशनालय"** भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय सम्झनु पर्छ।

छ. **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

ज. **"प्रस्ताव"** भन्नाले आवेदकहरुले पेश गरेको निवेदन सहितको कार्यक्रम योजना सम्झनु पर्छ।

झ. **"मन्त्रालय"** भन्नाले बागमती प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

ञ. **"समिति"** भन्नाले यस कार्यक्रम सञ्चालनका लागि प्रस्ताव मूल्याङ्कन तथा छनौट गर्ने मूल्याङ्कन समिति सम्झनु पर्छ।

ट. **"साझेदार"** भन्नाले कार्यक्रममा छनौट भएका आवेदक सम्झनु पर्छ।



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

## परिच्छेद - २
## कार्यक्रम सञ्चालन प्रक्रिया

३. <u>कार्यक्रम लागू हुने</u>: यो कार्यक्रम प्रदेशभर लागू हुनेछ।

४. <u>सूचना प्रकाशन</u>: (१) निर्देशनालय/केन्द्रले इच्छुक आवेदकवाट अनुसूची-१ बमोजिमको ३० दिने सूचना प्रकाशन गरी प्रस्ताव माग गर्नु पर्नेछ।

(२) उपदफा १ बमोजिम सूचना प्रकाशन गर्दा माग बमोजिम आवेदन नपरेमा दोस्रो पटक १५ दिनको समयसीमा राखि पुनः सूचना प्रकाशन गर्नुपर्नेछ ।

५. <u>प्रस्ताव दर्ताः</u> आवेदकले अनुसूची-२ बमोजिमको निवेदनको साथ सोही अनुसूचीमा उल्लेखित कागजातहरु र अनुसूची-३ बमोजिमको प्रस्ताव र अनुसूची-४ बमोजिम प्रतिवद्धता पत्र सम्बन्धित निर्देशनालय/केन्द्रमा तोकिएको अवधिभित्रै दर्ता गरिसक्नु पर्नेछ।

६. <u>मूल्याङ्कन समितिः</u> (१) प्रस्ताव मूल्याङ्कन गरी साझेदार छनौटको सिफारिस गर्न निर्देशनालय/केन्द्रमा देहाय बमोजिमको मूल्याङ्कन समिति रहने छ ।

| | |
|---|---|
| क. प्रमुख वा निजले तोकेको अधिकृत, निर्देशनालय/केन्द्र | -संयोजक |
| ख. प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय/केन्द्र | -सदस्य |
| ग. अधिकृत, सम्बन्धित शाखा, निर्देशनालय/ केन्द्र | -सदस्य |
| घ. योजना हेर्ने अधिकृत, निर्देशनालय/केन्द्र | -सदस्य |
| ङ. प्रमुख, खरिद इकाई, निर्देशनालय/केन्द्र | -सचिव |

(२) समितिले बैठकमा आवश्यकता अनुसार बढीमा दुई (२) जना विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

(३) मूल्याङ्कनको आधार अनुसूची-५ बमोजिम हुनेछ ।

७. <u>साझेदार छनौट र सम्झौताः</u> (१) निर्देशनालय/केन्द्रले छनौट भएको साझेदारलाई निर्णय भएको मितिले ७ दिन भित्र जानकारी दिनु पर्नेछ ।

(२) छनौट भएका आवेदकले सम्झौताको लागि निर्देशनालय/केन्द्रमा सम्पर्क गर्नु पर्नेछ ।

(३) निर्देशनालय/केन्द्रले तोकेको समयभित्र आउने साझेदारसँग सम्झौता गरिनेछ । साझेदारले सम्झौता गर्नु अघि सोही प्रकृतिको कार्यक्रमको लागि अन्य सरकारी संस्थावाट दोहोरो सुविधा नलिएको प्रतिवद्धता पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको समयावधी भित्र साझेदार सम्झौता गर्न नआएमा क्रमशः दोस्रो प्राथमिकता प्राप्त साझेदार संस्थालाई छनौट गर्न बाधा पुगेको मानिने छैन ।



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

८. <u>कार्यक्रम सञ्चालनः</u> (१) कार्यक्रम सञ्चालन न्यूनतम ५ (पाँच) हेक्टरमा गर्नुपर्नेछ । सामुदायीक फलफुल बगैचा निर्माण सम्भव भएसम्म एकै क्लष्टर वा कम्तीमा २ हेक्टरको एक क्लष्टर बनाई न्यूनतम मापदण्ड पूरा गर्न सकिनेछ । कार्यक्रम सञ्चालन अघि स्थापित भएको बगैंचाको हकमा स्थापित क्षेत्रबाहेकको क्षेत्रफललाई आवश्यक न्यूनतम क्षेत्रफल मानी कार्यक्रम सञ्चालन हुनेछ।

(२) यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका फलफूलबालीको बगैंचा स्थापना गर्न सकिने छ।

क. सुन्तलाजात फलफूल (कागती, सुन्तला, जुनार),
ख. आँप,
ग. लिची,
घ. एभोकार्डो,
ङ. अम्बा,
च. किवी,
छ. नासपाती,
ज. स्याउ,
झ. लप्सी ।

(३) बगैंचा स्थापना गर्दा साझेदार संस्थाले भौगोलिक उपयुक्तताको आधारमा बढीमा २ वटा फलफूल बाली लगाउन सक्नेछ।

९. <u>सञ्चालन गरिने क्रियाकलापः</u> यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।

क. <u>जमिन तयारीः</u> बगैंचा स्थापनाका लागि जमिन सुनिश्चित गर्दै प्रारम्भिक खनजोत तथा जमिन तयारी,
ख. <u>खाडल खन्ने, मलखाद व्यवस्थापन र विरुवा रोपणः</u> बिरुवा रोपणका लागि खाडल खन्ने र मलखादको प्रयोग गर्दै बिरुवा रोपण कार्य गर्ने,
ग. <u>बिरुवा खरिद तथा ढुवानी</u>
घ. <u>बिरुवा संरक्षणः</u> रोपेको बिरुवा संरक्षणका लागि तार जालीको प्रयोग गर्ने (न्यूनतम ३ फिट अग्लो ०.५ मि व्यासको तार जाली) र आवश्यकता अनुसार,
ङ. कृषि औजार उपकरण खरिद तथा ढुवानी,
च. सिँचाई व्यवस्थापन थोपा सिँचाई, कुलो निर्माण, पोखरी निर्माण, प्लाष्टिक टयाङ्की, पाईप खरिद,
छ. <u>सुक्ष्म तत्त्व व्यवस्थापनः</u> विरुवा संरक्षणका लागि आवश्यक पर्ने सुक्ष्म तत्त्व खरिद तथा ढुवानी,
ज. प्राङ्गारिक मलका लागि कम्पोष्ट पिट वा भर्मि सेड निर्माण,



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

झ. माटो परीक्षण तथा माटो सुधार,

ञ. स्टोर घर निर्माणः औजार तथा उपकरण लगायतको भण्डारण गर्नका लागि स्टोर घर निर्माण,

(३) फलफुल बगैचामा कार्य गर्न एक जना कृषि प्राविधिक राख्नुपर्नेछ ।

(४) कार्यक्रमको प्रभावकारीता हेरी अधीकतम तीन वर्षसम्म कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

## परिच्छेद -३
## आर्थिक पक्ष

१०. **साझेदार रकमः** (१) दफा ९ मा उल्लेखित क्रियाकलापहरु सञ्चालन गर्न स्वीकृत वार्षिक बजेटको परिधीभित्र रही रकम उपलब्ध गराईनेछ । पूजीगत प्रकृतिका कृषि पूर्वाधार निर्माण क्रियाकलापहरुमा कुल लागतको बढीमा ८० प्रतिशत तथा चालू प्रकृतिका उत्पादन सामग्री खरिदमा बढीमा ५० प्रतिशत सम्म प्रोत्साहन रकम प्रदान गर्न सकिनेछ ।

(२) वार्षिक स्वीकृत कार्यक्रम बमोजिम कम्तीमा ५ हेक्टरमा फलफुल बगैचा स्थापनाको लागि बढीमा पचास लाख वा रु. १० लाख प्रति हेक्टर वा एकै आवेदकवाट कम्तीमा ५ हेक्टरमा बगैचा स्थापनाको लागि प्रति लाभग्राही/आवेदक बढीमा ५० लाख रकम उपलबध गराइनेछ ।

(३) कार्यक्रम बजेटको दुई प्रतिशत रकम कन्टिन्जेन्सी बापत छुट्याईनेछ र उक्त रकम सूचना प्रकाशन, इन्धन, स्टेशनरी, आवेदकहरुको स्थलगत निरीक्षण एवं प्रमाणिकरण, अनुगमन खर्च, बैठक भत्ता, अभिमुखीकरण आदिमा खर्च गर्न सकिनेछ ।

(४) कार्य प्रगति र सुपरिवेक्षणको आधारमा साझेदारले पेश गरेको रनिङ्ग/अन्तिम बिललाई प्राविधिक सिफारिसका आधारमा बैक मार्फत साझेदारको खातामा सिधै भुक्तानी गरिनेछ। साथै, अन्तिम किस्ता भुक्तानीका लागी पेश गर्दा कार्य सम्पन्न प्रतिवेदन, बील, स्थलगत कार्य सम्पन्नको फोटो, सम्बन्धित वडा र प्राविधिक सिफारिस भए पश्चात मात्र भुक्तानी गरिनेछ।

## परिच्छेद -४
## विविध

११. **दोहोरोपना नहुनेः** यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघ/प्रदेश/स्थानीय तहवाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनासगँ दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ । दोहोरो सुविधा लिएको पाइएमा सम्पूर्ण प्रोत्साहन रकम प्रचलित ब्याज सहित असुल गरिनेछ ।

१२. **साझेदारी गर्न सक्नेः** यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन सम्बन्धित स्थानिय तहले समेत सोही प्रकृतीको वाहेक अन्य क्रियाकलापहरुमा बजेट विनियोजन गरी कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ ।



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

१३. <u>प्राथमिकता दिनुपर्नेः</u> बगैंचा स्थापना गर्न आवश्यक पर्ने बिरूवा खरिद गर्दा उपलब्ध भएसम्म सरकारी फार्म केन्द्रबाट खरिद गर्नुपर्नेछ।

१४. <u>कारबाही सम्बन्धी व्यवस्थाः</u> साझेदारले सम्झौता अनुरुप रकम लिई दुरुपयोग गरेको पाईएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१५. <u>संशोधनः</u> यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ । आर्थिक दायित्व/विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिई संशोधन गरिनेछ ।

१६. <u>प्रचलित कानून बमोजिम हुनेः</u> यस कार्यविधिमा उल्लेख भएका प्रकियाको सम्बन्धमा यसै कार्यविधि बमोजीम र अन्य विषयहरु प्रचलित कानून बमोजीम हुनेछ

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची -१
(दफा ४ को उपदफा १ सँग सम्बन्धित )

सूचना

प्रथम पटक प्रकाशित मिति : ..

निर्देशनालय/केन्द्र............को आर्थिक वर्ष.......को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम सामुदायिक फलफूल बगैंचा स्थापना कार्यक्रम सञ्चालन गर्न व्यवसायिक रुपमा कृषिमा आवद्ध आवेदकबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र......(सम्बन्धित कार्यालय) मा तपसिल अनुसारका कागजातहरु संलग्न राखी आवेदन सहित प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका आवेदनलाई कार्यक्रमको लागी समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

१. अनुसूची-२ बमोजिमको आवेदन,
२. संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,
३. संस्थाको स्थायी लेखा नम्बर (PAN), करचुक्ता प्रमाण पत्र,
४. संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समूह/सहकारीको हकमा),
५. अनुसूची -३ अनुसारको प्रस्ताव,
६. अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र
७. बगैंचा स्थापना गर्ने क्षेत्रफल खुल्ने कागजात,
८. जमिन करारमा लिएको भएमा कम्तिमा १५ वर्षको लागि जमिन करार गरेको सम्झौताको प्रतिलिपि,
९. स्थानीय तह वा सम्बन्धित वडा कार्यालयबाट सिफारिस पत्र।

पुनश्चः " सामुदायिक फलफूल बगैंचा स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" यस निर्देशनालय/केन्द्र,........ को वेवसाईटबाट डाउनलोड गर्न सकिनेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची -२

(दफा ५ सँग सम्बन्धित )

आवेदन

मिति : ......

श्रीमान प्रमुखज्यू,

.................... ।

**विषयः कार्यक्रममा सहभागी हुन पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा यस निर्देशनालय/केन्द्र.......को मिति ........ मा प्रकाशन गरिएको सामुदायिक फलफूल बगैंचा स्थापना कार्यक्रममा सहभागी हुन तपसिलको कागजात सहित यो निवेदन पेश गरेको छु ।

संलग्न कागजातहरु

१. संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,

२. संस्थाको स्थायी लेखा नम्बर (PAN), करचुक्ता प्रमाण पत्र,

३. संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समूह/सहकारीको हकमा),

४. अनुसूची -३ अनुसारको प्रस्ताव,

५. अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र

६. बगैंचा स्थापना गर्ने क्षेत्रफल खुल्ने कागजात,

७. जमिन करारमा लिएको भएमा कम्तिमा १५ वर्षको लागि जमिन करार गरेको सम्झौताको प्रतिलिपि,

८. स्थानीय तह वा सम्बन्धित वडा कार्यालयबाट सिफारिस पत्र।

निवेदक

दस्तखतः

नाम थरः

पदः

सम्पर्क नः

मितिः

संस्थाको छाप

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

## अनुसूची -३

(दफा ५ सँग सम्बन्धित )

## प्रस्ताव

१. आवेदक र सम्पर्क व्यक्ति सम्बन्धी विवरणः

| | |
|---|---|
| आवेदक नाम | |
| पूर्ण ठेगाना (पत्राचारको लागि) | |
| संस्था दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाईरटरको वा अध्यक्षको नामः | |
| मोबाइल नं. | |
| कार्य क्षेत्रः | |
| प्रस्तावित कार्यक्रमको कूल खर्च (यसमा प्रोत्साहन र साझेदारको तर्फबाट व्यहोर्ने खर्च समेत समावेश गर्ने) | |
| माग गरेको कूल रकम रु. | |

२. अपेक्षित उपलब्धिहरु र वार्षिक उत्पादन विवरणः

(क) प्रस्तावित व्यवसायका अपेक्षित उपलब्धिहरु तपसिल बमोजिमका हुनेछः

- व्यवसायको आकारः जग्गाको क्षेत्रफल (आफ्नो/परिवारको/सदस्यको/संचालकको/शेयर धनीको नाममा रहेको......हे. भाडामा लिएको........हे जम्मा.....हे)
- वार्षिक उत्पादन (के.जी.)
- वार्षिक जम्मा आम्दानी (रु.)
- रोजगारी सिर्जना (पूर्णकालीन.........आंशिक.......)

३. लाभान्वित हुने कृषक घरधुरीः

| क्र.स. | कृषकको नाम थर | ठेगाना | हालको व्यवसाय | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| | | | | |
| | | | | |



मा.डा. राजेन्द्र मान
मन्त्री

४. प्रस्तावित क्रियाकलापहरुः

क. चालू र पूजिगत क्रियाकलापहरु खर्चको विवरणः

| क.सं. | क्रियाकलाप विवरण | ईकाइ | परिमाण | जम्मा लागत (रु) | कार्यक्रमवाट बेहोर्ने | साझेदारले बेहोर्ने |
|---|---|---|---|---|---|---|
| क. चालू प्रकृतिका क्रियाकलापहरु | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| ख पूजिगत प्रकृतिका क्रियाकलापहरु | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची –४

(दफा ५ सगँ सम्बन्धित)

<u>प्रतिबद्धता पत्र</u>

............................को मिति..............................को सूचना अनुसार सामुदायीक फलफूल बगैचा स्थापना कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको/का छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु र .......... वर्ष सम्म निरन्तरता दिनेछु/छौं । कार्ययोजना अुनसारको कार्य नगरेमा वा ......वर्ष अगावै सो कार्यहरु बन्द गरेमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/छौं । अन्यथा प्रचलित कानुन बमोजिम सहुला/बुझाउँला । साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं ।

<u>आवेदकको तर्फबाट</u>

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
| --- | --- |
| | |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

## अनुसूची-५

## दफा ६ को उपदफा ३ सँग सम्बन्धित

## प्रस्ताव मूल्याङ्कनका आधारहरू

पुर्णाङ्क: १००

उतीर्णङ्क:५०

| क.सं. | मूल्याङ्कनका आधारहरु | अंङ्क | कैफियत |
|---|---|---|---|
| (क) | आवेदकको प्रकार | २० | |
| | १) कृषि सहकारी | २० | |
| | २) कृषक समुह | १५ | |
| (ख) | बगैचा स्थापनाको लागि प्राविधिक उपयुक्तता सहित पूर्वाधारको उपलब्धता (सडक, सिँचाइ, विद्युत, बजार आदि) | ३० | थप विस्तृतीकरण गर्न सकिने |
| | १) उच्च | ३० | |
| | २) मध्यम | २५ | |
| | ३) सामान्य | २० | |
| (ग) | जमिनको चक्लाबन्दी | २० | |
| | १) एउटै क्लष्टर भएमा, | २० | |
| | २) २ क्लष्टर भएमा | १८ | |
| | ३) २ भन्दा बढी क्लष्टर भएमा | १५ | |
| (घ) | बाझो जमिनको प्रयोग | १० | |
| | १) भएको | १० | |
| | २) नभएको | ५ | |
| (ङ) | आवेदकको अनुभव/पुरस्कार | १० | |
| (च) | नविनतम क्रियाकलापहरु सञ्चालन भएको | १० | |
| | जम्मा | १०० | |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री